आज हाट लाग्ने

गोरूबथान,२० दिसम्बर (निस): हिजोदेखि नै सोमबार गोरूबथानको सोमबारे बजारमा लाग्ने साप्ताहिक हाट नलाग्ने हल्ला चलिरहेको छ। जसको कारण आज बिहानदेखि नै यहाँका विभिन्न चियाबारी,बस्ती र बजारका मानिसहरू साप्ताहिक हाटमा ग्वार ग्वारती गएको देखियो। सोमबार दार्जीलिङमा हुने त्रिपक्षीय बैठकको विरोध गर्दै आमरा बंगाली नामक संगठनले उत्तर बंगाल बन्दको आह्वान गरेको छ। जसको फलस्वरूप दार्जीलिङ पहाड़ी क्षेत्रमा त्यसको प्रभाव नपरे पनि डुवर्सको माल,ओदलाबारी तिर बन्द हुने खबरले उक्त अनिश्चितता ल्याएको थियो। गत हप्ता पनि गोजमुमोद्वारा डाकिएको बन्दको कारण हाट लागेन। यस सप्ताह पनि हाट नलाग्ने हल्लाले मानिसहरू सजग हुनु स्वाभाविक हो। सोमबारे बजारमा मधेशको माल, ओदलाबारी, डामडिम, साइली, चालसा, मटेली, लाटागढ़ी, क्रान्ति आदि क्षेत्रबाट हजारौको संख्यामा हटुवाहरू पसल फिजाउन आउँछन्। गोरूबथान खुल्ला रहे तापनि मधेशबाट आउने हटुवाहरू हाट लगाउन गए कार्यावाही गरिने चेतावनी हटुवाहरूलाई दिइएको कारण उनीहरू नआउने भएको उड़न्ते खबर फिजिएकोले मानिसहरू सौदापात गर्न मधेश झरेको दर्पणलाई बताए। यस सम्बन्धमा दर्पणले मालहाट व्यावसायी समितिका सचिव नारायण श्रीवास्तवसित सम्पर्क गर्दा गोरूबथान खुल्ला रहे हटुवाहरूले हाट लाउने बताए। मधेशमा बन्द शुरू हुनु अघि नै आफूहरू गोरूबथान आइपुग्ने बताए। गोजमुमो जोनल सचिव भरतसिंह राईले पनि भोलि स्वाभाविक रूपमा हाट लाग्ने बताए। मधेशको बन्दले यहाँ प्रभाव नपार्ने र हटुवाहरूसित बातचीत गरेर हाट लाउने व्यवस्था गर्ने बताए।

गरिबी, परिस्थिति र बाध्यताको फलस्वरूप

बूढ़ेसकालमा पनि बेलुकी घाम नअस्ताएसम्म भीख माग्न बाध्य छन् भिखारीहरू

कालेबुङ,२० दिसम्बर (निस): भारत देशमा कति गरिबीको संख्या रहेको छ ? प्रत्येक रात कति नाङ्गोझार भएका बेसाहाराहरू नाङ्गो सड़कमा चिसो हावाको कम्बल ओढ़ेर रात बिताउन बाध्य छन्? यस्तो अवस्थाका दृश्यहरू हेर्न बाहिर जान पर्दैन। दार्जीलिङ जिल्लाकै विभिन्न क्षेत्रहरूमा परिस्थिति र बाध्यताले नाङ्गिएको बेसरम चित्रहरू हेर्नलाई कुनै म्यूजियम र अन्य संग्रहालय वा राजदरवार पुग्नु पर्दैन। विदेशी पर्यटकहरूको निम्ति क्यामारामा कैद गर्न काफी बनेका यस्ता अभाव र अपुगमा बाँचेका यथार्थ हाम्रो अघि पर्याप्त छ। भारत देशले विकासको क्षेत्रमा जतिनै सफलता हासिल गरे तापनि यहाँ देखापरेका गरिबीहरू जंगलमा पलाएका झारपात सरह छन्। आखिर यी बीचसड़क अनि दोबाटोमा कुच्चिएको भाँड़ो थापेर बस्ने को हुन्त? यिनीहरू विदेशी होइन्,भारत देशकै नागरिक हुन्।

सड़कबीचमा बसेर भीख मागिरहेका भिखारीहरू। फोटोःदर्पण

तर सरकारले आजसम्म विकास अनि नाफाकै मानचित्र मात्र हेर्दै आएको छ भने गरिबी रेखामुनिकाहरू कागज जलाएर खोले पकाएर जबरजस्ती खान सक्नेहरूको मुटुमा पनि भारतीय भन्ने घमण्ड छ। बाहिरबाट आएका कुनै पनि पर्यटकहरूले माग्नेहरूलाई प्रश्न गरे जानी नजानी भएपनि हामी भारतीय हौं भनेको सुनिन्छ। विश्वभरिनै ऐतिहासिक देश मानिने भारत देशभित्र पनि धेरै कमजोरीहरू पाइन्छ। यहाँ रोजगारको निम्ति मारामार समेत भएको घटनाहरू घटेको सनिन्छ। सरकारले गणतन्त्र दिवसको दिनमात्र देशको जनसंख्याबारे लेखाजोखा गरे तापनि अन्य दिनहरूमा फुटेर फ्याकेको नचाहिने बस्तु झैं भएको देखिन्छन् ससाना बालक बालिकाको साथमा माग्न बसेका ती भिखारीहरू।

देशमा पार्टी बदलिन्छन् नेता बदलिन्छन्। तर यहाँको गरिबी भने पटक्क बदलिन सकेको छैन आजसम्म। यदि सरकारले यस विषयमा ध्यान दिएको भए अरूको गालीगलोच र थप्पड़ समेत खाएर भिख माग्न पर्ने बाध्यताको यहाँ जन्म हुने थिएन। कतिले त गरिबीको फाइदा उठाएर तिनीहरूले लगेर बेचविखान समेत गर्छन् भने कतिलाई लगेर देह व्यापार जस्ता धन्धाको नरकमा पनि धकेली दिन्छन्। आफ्नो नाङ्गो शरीर ढ़ाक्न अनि भोक मेटाउन कति त झन आफै बाध्य भएर देह व्यापारको क्षेत्रमा लागिपरेको पनि सुन्नमा आएको छ। के गरिबी हुनु पाप हो? तिनीहरूको सपना छैन्? तर हामी मानव स्वार्थी छौं। मौकाको फाइदा उठाउँछौं। जुन कार्य गर्नु कानुनन् अपराध ठहर्दछ। यस्तै गरिबीको कारणले भिख माग्न बाध्य भएका भिखारीहरू कालेबुङ शहरमा पनि देख्न पाइन्छ। आफ्नो भविष्य अनि सपना आफ्नो साथमा लिएर सिलबरको कप अनि कुच्चिएको थाल हातमा लिएर सबैलाई नमस्कार गर्दै पैसा माग्छन्। जुन पैसाले तिनीहरू आफ्नो परिवार तथा नानीहरूलाई खाना खुवाउँछन्। माग्न बसेकाहरूमा कति शारिरिक रूपमा ठिकै देखिन्छन् भने कतिको शारिरिक बनावट बिग्रिएको पाउँछौं।

हुनत बाटोमा माग्न बसेकाहरूलाई मात्र गरीब भन्न नमिल्छ! हामीमा पनि गरिबी छ। जुन गरिबीलाई थन्को लगाउन हामी विभिन्न कार्यक्षेत्रहरूमा सदैव खटेको देखिन्छ। यस्ता माग्नेहरू स्थानीयहरू प्रायः नै छैनन्। वेसक भारतीय भए तापनि बाहिरबाट आएर माग्नेहरूको संख्या नै अधिक छ। स्थानीय असहायहरू बरू आफ्नो तहबाट परिश्रम गरेर नै केही गर्न चाहन्छन्।

दश नंङ्ग्रा खियाएर नै खाना चाहन्छन्। बाहिरबाट आउनेहरूमा भने हात फैलाउने यस्तो गुणबढ़ी देखिन्छ। दार्जीलिङको माहाकाल डाँड़ा अनि बाटा अघाड़ि माग्न सकेका भिखारीहरू सरह यहाँको सी.के. चौक छेउमा पनि भिखारीहरू भिख माग्नको निम्ति तैछाड़ र मैछाड़ गरेको देख्न पाइन्छ। बूढ़ा बूढ़ीदेखि लिएर ससाना बालक बालिकाहरू पनि अन्धकार भविष्यको नियास्रो अनुहार बोकी भिख मागेको देखिन्छ। वृद्ध भिखारीहरू बेलुकी घाम नअस्ताएसम्म आफ्नो पेटको निम्ति हात फैलाउन बाध्य छन्।

तथापी यहाँ सामाजिक उन्नतिका निम्ति अघि आउने सरकारी र गैरसरकारी संस्थानहरू मौन छन्। विकासका योजनाहरू अनि गरिबी उन्मूलनका नाराहरू यहाँसम्म आइपुग्दैन। आइपुग्छ त केवल शब्दरूपी नाराहरू मात्र। बाहिरबाट आएका पर्यटकहरूको अनुहारलाई देख्दा तिनीहरूको मुहारमा सूर्य उदय हुन्छ भने यहींकाहरूलाई देख्दा पनि आशाको नजरले हेर्न गर्छन् । भोक सबैको एउटै हो। पहाड़मा देखापरेको प्राकृतिक प्रकोप सरह गरिबीको समस्यामा सबैले बिचार गर्न आवश्यक छ। जबसम्म यिनीहरूको सुरक्षा व्यवस्थामा ध्यान दिइन्दैन तबसम्म पहाड़मा गरिबी उन्मूलन नहुने देखिन्छ।

शिक्षक भूजेलको बिदाइ

कालेबुङ,२० दिसम्बर (निस): सुरूक मन्दोदरी निम्न उच्च विद्यालयका शिक्षक सनमान भूजेललाई ससम्मान विदाइ जनाइएको जानकारी सुरूकबाट भीम भूजेलले दिएका छन्। उक्त पाठशालामा २५ वर्षको सेवा पूरा गरेका भूजेल एक कर्तव्यपरायण अनि आदर्श शिक्षक रहेको कुरो बताइएको छ। उनलाई विदाइ जनाउन पाठशाला परिसरमा एक भव्य सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको एवं कार्यक्रमको अध्यक्षता पाठशाला सञ्चालन समितिका अध्यक्ष अमृत प्रसाद प्रधानले गरेको बताइएको छ। पूर्णबहादुर भूजेल मुख्य अतिथि रहेको यस कार्यक्रममा माकुम प्राथमिक पाठशाला, ख्याङ्टार प्राथमिक पाठशाला, बरबोटे जरायोटार प्राथमिक पाठशाला, पन्बु प्राथमिक पाठशाला, सुरूक, लोवर दोङ, छोटा सुरूक, सन्त मौरिस पाठशाला लगायत सुरूक पेरिस्ट प्रिस्टका पल्लीपिता सिस्टर मेरियम, समथार निम्न उच्च विद्यालयका शिक्षक-शिक्षिका आदिको प्रतिनिधित्व रहेको उक्त कार्यक्रममा अभिभावकहरूको तर्फबाट शिक्षक भूजेललाई विशेष उपहार प्रदान गरियो भने भूतपूर्व विद्यार्थी पासाङ लामाले पनि उपहार प्रदान गरे। विद्यार्थीहरूद्वारा खुबै प्रभावशाली कार्यक्रम प्रस्तुत गरिएको शिक्षक देवप्रकाश भूजेलले जनाएका छन्। दिलिप प्रधानद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै भीम भूजेलले शैक्षिक स्तरलाई अझ बढ़ाउनका साथै यस क्षेत्रबाट धेरै प्रतिभाहरू निकाल्नुपर्ने बताए। उनले २१ दिसम्बरको त्रिपक्षीय वार्ता सफलताका निम्ति पनि सबैलाई घर घरमा प्रार्थना गरिदिन निवेदन गरे भने गोर्खाल्याण्डको निम्ति एकत्रित हुने पनि आह्वान गरे। अप्रा शिक्षक सनमान भूजेलले आफूलाई यसरी सुरूक मन्दोदरी परिवारले सम्बर्द्धना जनाएकोमा कृतज्ञता प्रकट गर्दै समाजका निम्ति आफूले गर्नुपर्ने दायित्वबाट अझ पनि पछि नपर्ने बताए। विद्यार्थीहरूलाई शिक्षाको मार्गबाट पछि नहट्ने आह्वान गर्दै शिक्षाले नै प्रत्येक व्यक्तिको जीवनमा परिवर्तन ल्याउने कुरो बताए।

दुइवटा उपसंघ गठन

पेदोङ ,२० दिसम्बर (निस): लोवर दलेप प्राथमिक पाठशाला भवनमा अप्पर नियोङ मेरोङ तथा लोवर दलेप क्षेत्रका लगभग दशवटा स्वनिर्भर दलहरूलाई लिएर एक सभा सम्पन्न भएको जानकारी पाइएको छ। उक्त सभामा खण्ड विकास ग्राम सेविका अनि सुपर भाइजरको विशेष उपस्थिति रहेको थियो। मौजा-मौजा अन्तर्गत गरिबी रेखा मुनिका मानिसहरूमा जागरूकता ल्याउन साथै स्वनिर्भर दललाई अझ सक्रिय बनाउन उपसंघ गठनबारे विशेष चर्चा परिचर्चा सँगै लोवर दलेप उपसंघ एवं अप्पर नियोङ मेरोङ उपसंघ गठन भयो। ग्रामीण क्षेत्रका गरिबी रेखा मुनिकाहरूको जैविक विकासको उद्देश्य लिएर सरकारी योजना अनुरूप गठन भएका स्वनिर्भर समूहको विकासको निम्ति पटक पटक सरकारी सहुलियतहरू पनि प्रदान गर्दै आइरहेको छ। यसरी नै सभामा दलहरूमा एकता सहित कुनै भेदभाव नराखि काम गर्ने एवं विभिन्न योजनाहरूलाई कार्यान्वयन गर्दै अघि बढ्ने विषयमा जानकारी गराइयो। यी विषयहरूलाई नै लिएर चर्चा परिचर्चा भएको जानकारी बुद्ध वान्तवाले दिएका छन्।

ख्रीष्टीय गीतहरूको एलबम आशिषको विमोचन

खरसाङ, २० दिसम्बर (निसं) : स्थानीय मन्टिभियट स्थित बेथल चर्चमा आइतबार ख्रीष्टीय गीतहरूको सङ्गालो आशिष एलबमको विमोचन चर्चका पास्टर अजय छेत्री र एलबमका निर्माता विक्रम गोलेले संयुक्त रूपमा गरे।

एलबमको विमोचन गर्न अघि पास्टर छेत्रीले एलबम, एलबमका गायक र निर्मातामाथि ईश्वरीय अनुग्रह माग्दै प्रार्थना गरे। विमोचित एलबम बारे बोल्दै निर्माता विक्रम गोलेले समाजमा सामाजिक कार्यको रूपमा केही भए पनि योगदान होस् भनी उक्त गीति चक्का आशिष निकालेको बताए। तिनले भोलि दार्जीलिङमा सम्पन्न हुने त्रिपक्षीय वार्तामाथि ईश्वरको अनुग्रह औ सफलता पनि कामना गरे। एलबम बारे आफ्नो भनाई राख्दै निर्माता गोले भने, सामाजिक रूपमा केही कार्य गर्ने रूचि भएकोले मैले यो एलबम तयार पारेको हूँ। तिनले गीति एलबमको ५० प्रतिशत रकम बेथल चर्चलाई सहयोग स्वरूप दिने पनि बताए। काठमाण्डौंमा रेकडिङ गरिएको उक्त एलबमको शब्द संगीत र स्वर चर्चित गायक सुदेश कुमार छेत्रीको रहेको छ। उल्लेख्यहोस्, निर्माता विक्रम गोलेले यसभन्दा अघि पनि गोर्खाल्याण्ड आन्दोलनलाई थप टेवा पुऱ्याउन आन्दोलनमा आधारित जनवादी गीतहरूको सङ्गालो गीति चक्का एउटै चाहना निकालिसकेका छन् एलबम बारे दर्पणसँग एलबम चाँड़ै बजार आउने बताए भने भविष्यमा पनि यस प्रकारको एलबमहरू निकाल्ने योजना रहेको पनि थप बताए।

आशिष एलबम विमोचन गर्दै चर्चका पास्टर अनि निर्माता

भागोप घैयाबारी शाखाद्वारा वार्ता सफलताको कामना

घैयाबारी, २० दिसम्बर (निसं): भारतीय गोर्खा परिसंघ (भागोप) घैयाबारी शाखाले सोमवार दार्जीलिङमा बसिने चौथो चरणको त्रिपक्षीय वार्ताको सफलताको कामना गरेको छ। भागोप घैयाबारी शाखाले एक विज्ञप्ति जारी गर्दै १०२ वर्ष पुरानो गोर्खाल्याण्ड राज्य गठनको निम्ति सरकारले ठोस पहल गर्नु पर्ने एवं केन्द्र र राज्यको वार्ता टोलीले गोर्खाल्याण्डको मुद्दा प्रति गम्भीर एवं सकारात्मक सोच राख्नु पर्ने माग गरेको छ। विज्ञप्तिमा छुट्टै राज्य गोर्खाल्याण्ड प्राप्ति हेतु सबै निस्वार्थ भावले एकबद्ध र संकल्पित हुनुपर्ने आह्वान पनि भागोप घैयाबारी शाखाले गरेको छ।

शिव महापुराणको आयोजन लिएर सभा सम्पन्न

सिलगढ़ी, २० दिसम्बर (निसं): आगामी २० जनवरीदेखि शिव महापुराण सम्पन्न गर्ने विषय लिएर आज नवग्रह मन्दिरमा दीनानाथ नेपालको अध्यक्षतामा एक सभाको आयोजन गरियो। त्यसै दिन गोर्खा जातिका गुरू गोरखनाथज्यूको मूर्तिको पनि स्थापना गर्ने निश्चय गरियो। पुराण सञ्चालनको निम्ति ग्रामका सम्पूर्ण पुरुष, महिला र युवावर्गको सहभागिता हुँदै आइरहेको छ र यस वर्ष पनि यसरी नै सम्पन्न गर्ने अनुरोध पं. ध्रुव उपाध्यायले सबैलाई गरे भने दुर्गा छेत्री र सभाध्यक्ष नेपालले पनि यस गाउँको एकता सदैव यथावत रहने कुरामाथि आफ्नो विश्वास व्यक्त गर्दै सबैलाई यसमा सहभागी भइदिने निवेदन गरेको जानकारी पण्डित शान्ति उपाध्यायले एउटा विज्ञप्तिद्वारा दिएका छन्।

नेहुर बालासन चियाबारीमा एनजीओ गठन

सोनादा, २० दिसम्बर (निसं): ग्रामीण अथवा चियाबारी क्षेत्रहरुमा सरकारीरूपमा मात्र कतिपय विकास वा जनचेतनामूलक कार्यक्रमहरुको आशा नगरेर गैर सरकारीरूपमा पनि यस्ता कार्यक्रमहरु संचालन गर्न सकिन्छ भन्ने सत्यतालाई बुझेर वा लिएर मंगलवार नेहुर बालासन चियाबारीमा गैर सरकारी संस्था गठनबारे एउटा सभा सम्पन्न भयो।

स्थानीय डन बस्को अंग्रेजी स्कूलमा सम्पन्न भएको उक्त सभामा वर्तमान भारतको विभिन्न क्षेत्रहरुमा संगठित हुने अनि कतिपय ग्रामीणरूपी विकासमूलक क्रियाकलापहरुलाई ध्यानमा राखी भावी उन्नति र प्रगतिमा कर्तव्यनिष्ठा बनाउने अभिप्रायले एनजीओको गठन गऱ्यो। सभामा वक्ताहरुले यहाँका विभिन्न ठाउँ हरुमा विकसित गर्ने पर्याप्त साधनहरु हुँदा हुँदै पनि आजसम्म कतिपय समस्याहरु यथावत् रहेको तथा जनसाधारणले विभिन्न समस्या र असुविधाहरु भोग्न परिरहेको बताए। साथै दार्जीलिङ पहाड़ी क्षेत्र एउटा परिषद मात्र रहेकोले केन्द्र सरकारद्वारा प्रत्याभूत भएका पञ्चाती व्यवस्था पनि वर्तमानमा ठप्प रहेकोले यो एनजीओले धेरथोर विकासमूलक कार्यहरु गरेर जनतालाई राहतसम्म दिन सकिन्छ भन्ने मन्तव्य राखे।

सभामा एनजीओ गठन गर्दै सभापति एनके खड़का,उपसभापति सन्तबहादुर राई,सचिव दुर्गा राई, सहसचिव दिपङ्कर राई, कोषाध्यक्ष बसन्त कुमार तामङ चयन गरिएका छन् भने प्रमुख सल्लाहकारहरु तेह्रजना चयन गरिएको जानकारी सचिव दुर्गा राईले प्रेस विज्ञप्ति मार्फत दिएका छन्।

लाब्दामा पाठशालाको वार्षिक खेलकुद

मङ्पू, २० दिसम्बर (निस): विद्यार्थीवर्गमा पठन-पाठन सँग-सँगै खेलप्रति रूचि र उत्साह जगाउनु पनि शिक्षाकै एक अंग हो। यसै विषयलाई मनन गरेर लाब्दा खाश निम्न बुनियादी पाठशाला, मङ्पूले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत वार्षिक खेलकुद सम्पन्न गऱ्यो।

पाठशालाका प्रधान शिक्षिका, सहशिक्षकवर्ग,स्वयंसेवी शिक्षिका लगायत पाठशालाका अभिभावकवर्गको सक्रियतामा आयोजित यस कार्यक्रममा एक सय मिटर दौड़, दुइ सय मिटर दौड़, बेलुन फुटाउने दौड़, पालो फेर्ने दौड़ विभिन्न दलमा विभक्त छात्र-छात्राहरूले भाग लिए। बोतलमा पानी फेर्ने खेल र माला उन्ने खेल विशेष रोचक रह्यो। पाठशालाका भूतपूर्व प्रधान शिक्षक डी.आर.छेत्री साथै भूतपूर्व शिक्षक डी.बी.मुखिया लगायत अभिभावकवर्गको व्यापक उपस्थिति रहेको थियो। यस समारोहको अध्यक्षता प्रह्लाद राईले गरेका थिए।

प्रमुख अतिथिले छात्र-छात्राहरूको मार्च पास्टको सलामी लिए भने राष्ट्रिय झण्डा अध्यक्षले उत्तोलन गरे। पौष महीनाको चिसोमा पनि खेल हेर्न आएका अभिभावकवर्ग लगायत युवा-युवतीहरूमा उत्साहको कुनै कमी थिएन। दुइ दिनसम्म चल्ने खेलकुद प्रतियोगिताको प्रथम दिनमा भरत दाहाल, देवलाल मोक्तान, हेमन्त शर्मा, रूपास बम्जन, बी.के.राई, उत्तम मुखियाको विशेष उपस्थिति रह्यो। जनसाधारणले खेलको आनन्द लिए। कार्यक्रम संचालन अजय छेत्री र शरद राईले गरेका थिए। ग्रामीण शिक्षा समिति, मातृ शिक्षक संघ, हाजिरी समितिका सदस्य-सदस्या साथै आइसीडीएसका कार्यकर्ताहरू सक्रिय रूपमा खटेका थिए।

सरस्वती उच्चतर माध्यमिक विद्यालयमा बिदाइ समारोह

मङ्पू, २० दिसम्बर (केशर मोक्तान): विद्यालयमा आफ्ना उमेर र बैंशहरू सुम्पेपछि सरकारी नियम मुताबिक अवकाश ग्रहण गर्नु पर्दछ। नचाहेर पनि आफूले माया गरेको विद्यालयबाट सधैंको निम्ति टाढ़ा बस्नु पर्दछ। आफूले सिलेबस पूरा गर्नु पाइनँ भन्न पनि पाइँदैन। भोलिदेखि विद्यालय आउनुको अर्थ रहँदैन। यस्तै हुन्छ अवसरग्रहण गरेपछि शिक्षकहरूलाई। सरस्वती उच्चतर माध्यमिक विद्यालय मङ्पूको बिदाइ समारोहमा विद्यालयबाट अवकाश ग्रहण गरेका तीन शिक्षकहरू एस.एम.राई, मोहन ठकुरी, ए.के.गुरुङ साथै विद्यालयका वरिष्ठ कर्मचारी बी.बी.मोक्तानलाई भावपूर्ण बिदा जनायो। यस विद्यालयबाट अन्यतिर नोकरी पाएर गएका शिक्षक दीपंकर वाइवालाई पनि औपचारिक विदा जनाउने कार्यक्रम रहे पनि तिनी कार्यालयको व्यस्ततामा अनुपस्थित रहे। छात्रवर्गले सांगीतिक प्रस्तुतिहरू दिए भने छात्रावर्गले सुन्दर नृत्यहरू प्रस्तुत गरे। कार्यक्रमको अध्यक्षता भूतपूर्व प्रधानाध्यापक डी.बी.थापाले गरे भने आमन्त्रित अतिथिवर्ग समक्ष स्वागत सम्भाषण शिक्षक शरद रावतले गरे। शिक्षक प्रभु शंकर प्रसादको भायोलिनको धुनबाट आरम्भ भएको यस कार्यक्रममा प्रधानाध्यापक एन.बी.छेत्रीले बिदायी शिक्षकहरूको योगदानको व्याख्या गरे। बिदाइ पत्र क्रमशः गोकुल रूचाल, पप्पु पाण्डे, शरद रावतले पठन गरे। विद्यालयमा शिक्षक-शिक्षिकावर्ग, अशिक्षण कर्मचारी, संचालन समितिका सदस्यवर्ग, छात्र छात्राको लगायत शुभचिन्तकवर्गले खदा अर्पण गरेर बिदा एवं भावी जीवनको निम्ति शुभकामना टक्राए। सम्बोधनको क्रममा बी.बी.मोक्तान, एस.एम.राई, मोहन ठकुरी र ए.के.गुरुङले आफ्नो वक्तव्य प्रस्तुत गरे शिक्षक बिशोर कार्की र शेखर रावतले संचालन गरेको त्यस समारोहमा सभाध्यक्षको सम्बोधन पछि कार्यक्रम समाप्त भयो।

नामथिङ इकोलोजिकल रिक्रिएशन सेण्टरको सभा

लंकुभेल्ली,२० दिसम्बर (निस): पर्यावरण संरक्षण अनि लुप्तप्राय सेलामेण्डर अनि प्राकृतिक सुन्दरता आदिको संरक्षणको निम्ति गठित नामथिङ इकोलोजिकल रिक्रिएशन सेण्टरको सभा मधुकर मल्लको सभापतित्वमा सम्पन्न भएको जानकारी प्राप्त भएको छ। सो सभामा नामथिङ अनि यससित संलग्न अनेकन गाउँवासीको समवेश रहेको थियो। पर्यावरण संरक्षण अनि यसलाई विभिन्न प्रकारका पर्यटकहरूको निम्ति सर्वसुलभ गराउनको निम्ति गठित विभिन्न प्रकारका संगठनहरूलाई लिएर सो सभा गरिएको थियो। सभामा नामथिङ इकोलोजिकल रिक्रिएशन सेण्टर कोर कमिटीको पुनर्गठन गरियो जसमा लंकुभेल्लीबाट जगत थापालाई सर्वसम्मतिले सभापतिको रूपमा मनोनिनत गरिएको जानकारी पाइएको छ। कोर कमिटीले अब विभिन्न गाउँहरूमा अवस्थित स्वंयसेवी संगठन अनि इको टुरिज्म सेण्टरहरूलाई साथमा लिएर अघि बढ्ने कार्यशैली अप्नाएको छ।

स्मरण रहोस्:नामथिङ पोखरीमा लुप्तप्रायः सेलामेण्डर प्राणीको आश्रय स्थल रहेको छ अनि यसलाई संरक्षण गर्न उक्त संगठन लागिपरेको छ। लंकुभेल्लीमा पनि च्यूपन्दी इको टुरिज्म सेण्टर स्थापना भएको छ। जसले आफ्नो गाउँ अनि रोलक बस्तीका आकर्षणीय स्थलहरू पर्यटक सामु देखाउन प्रयासरत रहेको छ। लाटपञ्चरमा पनि नवगठित इकोटुरिजम सेण्टरले आफ्नो शिल्पको प्राकृतिक सौन्दर्य फष्टाउनको निम्ति प्रयासरत रहेको देखिएको छ। नामथिङ इकोलोडिकल रिक्रिएशन सेण्टर कोर कमिटीको निर्देशनमा चाँड़ै नै विभिन्न गाउँहरूमा अवस्थित संस्थाहरूले योगायोग गर्ने निर्णय लिएको जनाइएको छ। कोर कमिटीले सिटोङ १,२ अनि ३ ग्राम पञ्चायतमा अवस्थित दर्शनीय स्थलहरूलाई संरक्षण अनि सम्बर्द्धन गर्न महत्वपूर्ण भूमिका चालेको हुनाले सबैलाई कोर कमिटीसित सम्बद्ध हुने आह्वान गरिएको छ। सभामा पारित भए अनुसार चाँड़ै नै च्यूपन्दी इको टुरिजमको प्रयासमा लंकुभेल्लीमा कम्प्यूटर प्रशिक्षण शुरू गरिने जानकारी जगत थापा मार्फत् थाहा पाइएको छ। उनीबाट थप जानकारी पाइए अनुसार यमकला राईले क्षेत्रको विकासको निम्ति अथक प्रयास गरेको अनि उच्चाधिकारीवर्गको सहयोग वापत नै पर्यटनको क्षेत्रमा गाउँ बस्तीले पनि प्रश्रय पाउने आशा व्यक्त गरिएको छ।

वार्ता सफलताको कामना

मिरिक, २० दिसम्बर (निसं): अलग राज्य गोर्खाल्याण्डको निम्ति भोलि हुने चौथो त्रिपक्षीय वार्ता सकारात्मक बनोस् र नयाँ बिहानको खोजी पूरा होस् भन्दै आज थर्बु चियाबगानको निम्न प्रान्त बहादुर गाउँमा एक समारोहको आयोजन गरियो। विज्ञ जनसेवा संघको सहयोगिता अनि युवा परिवारको पहलमा सम्पन्न समारोहमा साई भजन मण्डली बहादुर गाउँले अखण्ड भजन प्रस्तुत गर्दै वार्ता सफलताको कामना गरे। श्री सत्य साई भगवानको तस्बीरमा माल्यार्पण साथै अखण्ड दीप प्रज्ज्वलन गरी प्रार्थना गर्दै मोर्चाका वार्ता टोलीप्रति शुभकामना टक्राइयो। यसै अवसरमा मोर्चाका बहादुर गाउँ शाखा अध्यक्ष कर्ण योञ्जन, निम्नप्रान्तका प्रबन्धक, समाजसेवी जशुदा राई, सैनिक मोर्चाका राज कुमार राई, हर्कजंग देवान, सिके राई, सिद्धार्थ राई लगायत गाउँका विज्ञजन अनि गैर सरकारी संगठन एफटी एफका मनोज प्रसाई अनि लक्ष्मुन राई विशेषरूपले उपस्थित थिए। विज्ञसंघका अनोज राई अनि एसडी राईले सञ्चालन गरेको सो समारोहमा गाउँका अब्बल विद्यार्थी झरना राई, सफल राई, रिङजेन तामाङ, निमछेन तामाङ अनि इन्द्र तामाङलाई अतिथिलवर्गको बाहुलीबाट सम्बर्द्धना जनाउँदै प्रशस्ती पत्र अनि सल प्रदान गरियो। यसै अवसरमा चौथो श्रेणीका छात्र निखिल राईलाई आठ सयभन्दा माथि अंक लिइ उर्तीण भएकोमा सम्मान जनाइयो। यस अवसरमा केही सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरियो।

त्रिपक्षीय वार्ता लिएर जनता आशावादी

सौरिनी, २० दिसम्बर (निसं): प्रस्तावित गोर्खाल्याण्ड राज्यका गोर्खाल्याण्डप्रेमीहरूको लाखौं प्रार्थनाका हात दार्जीलिङमा भोलि सोमवार हुने त्रिपक्षीय बैठक सफलताको कामना गर्दै जोड़िएको छ आज। बन्द आमरण भोकहड़ताल, जुलूस प्रर्दशनपछि हुने चौथो त्रिपक्षीय वार्ताले अलग राज्य गोर्खाल्याण्ड गठनमा महत्वपूर्ण भूमिका पालन गर्दै राज्य प्राप्तिको बाटोलाई अझ सजिलो बनायो गोर्खाल्याण्डप्रेमी जनताले आ-आफ्ना प्रकारले प्रार्थना गरिरहेका छन्। पहाड़को हालको चिसो मौसममा त्रिपक्षीय वार्ताले गरम बनाएको फलस्वरूप मानिसहरूले वार्ता छाड़ेर अन्य कुनै विषय चर्चा गरेका सुनिँदैन। तेलंगाना राज्य गठनको प्रक्रिया गोजमुमोको गोर्खाल्याण्ड राज्यप्रतिको प्रतिबद्धता केन्द्रिय मन्त्रीहरूको आश्वासन अनि अभागोली अध्यक्ष मदन तामाङको अन्तरीम व्यवस्थाको कुरो दार्जीलिङमा आज हुने त्रिपक्षीय बैठकलाई अघिल्लो बैठकहरूको तुलनामा धेरै चासो देखाएर विभिन्न लख काटिरहेका छन्। सरकारले अब जनभावनाको कदर गर्नुपर्छ, बैठकमा केवल गोर्खाल्याण्ड राज्य सम्बन्धी कुरो उठ्नुपर्छ, गोर्खाल्याण्ड बाहेक कुनै विकल्प मान्नु हुँदैन आदि जस्ता कुरोहरू प्रस्तावित गोर्खाल्याण्ड क्षेत्रका अधिकांश जनताले गरिरहेका छन्। यतिका दिनसम्म गोजमुमोले शुरू गरेको अहिंसात्मक एवं गणतान्त्रिक आन्दोलनमा तन, मन, धनले केवल गोर्खाल्याण्ड राज्य गठनको सपना बोकेर नारा-जुलूस, बन्द, अनशनमा सक्रिय सहभागिता जनाउने गोर्खाल्याण्ड प्रेमी जनताका आशालु आँखा र मनहरू आजको वार्तामा नै केन्द्रित रहेको छ। अब गोर्खाल्याण्डप्रेमी जनताले न्याय पाउनुपर्छ देश रक्षामा गोर्खाहरूले दिएको योगदानको सही मूल्याङ्कन र कदर हुनपर्छ भन्ने यहाँका अधिकांश आशालु जनताले वार्ता सकारात्मक र गोर्खाल्याण्ड राज्य गठनको पक्षमा हुने विश्वास व्यक्त गरेका छन्। विभिन्न संचार माध्यमहरूमा केन्द्रिय, राज्य अनि स्थानीय नेताहरूको गोर्खाल्याण्ड राज्यप्रतिको टिप्पणीपछि आज हुने बैठकको परिणाम सुन्न आतुर बनेका गोर्खाल्याण्डप्रेमी जनताले हिजोदेखि नै सक्रिय नारा जूलुसमा भाग लिएर अनि जातीय पोशाकहरू पहिरिएर जनताको एउटै माग अलग राज्य गोर्खाल्याण्ड हो भन्ने मनमा बसाइसकेका छन्। यस्तोमा दार्जीलिङमा आज हुने चौथो त्रिपक्षीय बैठकमा जनताको सम्पूर्ण आशा र भरोशा लुकेको छ भन्दा कुनै अत्योक्ति नहोला। केन्द्र अनि राज्य सरकारले गोर्खा जनमुक्ति मोर्चा अनि जनभावनाको कदर कसरी गर्ने हो बैठक पछि नै स्पष्ट हुनेछ।